Nepali

Administrative Appeals Tribunal

तथ्याक पत्र

# विद्यार्थी भिसा अस्वीकार (असली बसाइ)

यस तथ्याक पत्रमा गृह मामिला विभागको तपाईं असली रूपमा अष्ट्रेलियामा अस्थायी रूपमा नबस्ने आधारमा **विद्यार्थी भिसा** दिन अस्वीकार गरेको निर्णयको AAT समीक्षा गराउने बारेमा प्रश्नहरूको जवाफ उपलब्ध छ।

## AAT ले के निर्णय गर्नुपर्छ?

AAT ले यो निर्णय गर्न आवश्यक छ कि तपाईं साँच्चिकै अष्ट्रेलियामा अस्थायी रूपमा बस्ने मनसाय छ कि छैन्। अष्ट्रेलियामा अस्थायीरूपमा बस्ने साँचो मनसाय भएको बारेमा निम्न कुराहरूबाट AAT लाई सन्तुष्ट पार्न सक्नुपर्छ :

- तपाईंको परिस्थिति
- तपाईंको अध्यागमन इतिहास
- कुनै अन्य सान्दर्भिक कुरा।

## AAT ले कसरी निर्णय गर्छ?

AAT ले निम्न कुरा हेर्नेछ:

- तपाईंको आफ्नै देशमा तपाईंको परिस्थिति
- अष्ट्रेलियामा तपाईंको सम्भावित परिस्थिति
- तपाईंको भविष्यको लागि पाठ्यक्रमको मान्यता
- तपाईंको अध्यागमन इतिहास
- कुनै अन्य सान्दर्भिक मामलाहरू।

## मेरो समीक्षाको समर्थनमा म AAT लाई के जानकारी दिन सक्छु?

तपाईं हामीलाई कुनै पनि जानकारी दिन सक्नुहुन्छ जसले तपाईंको मुद्दालाई समर्थन गर्दछ। तपाईं तल सूचीबद्ध जानकारीमा मात्र सीमित हुनु पर्दैन र तपाईंले हामीलाई दिनुहुने जानकारी तपाईंको व्यक्तिगत परिस्थितिमा निर्भर गर्दछ।

हामीलाई सहयोग पुऱ्याउने सबभन्दा सहयोगी जानकारीका उदाहरणहरू:

- तपाईंको देशमा अध्ययन नगर्नुको कारण
- तपाईंको स्वदेशसँगको सम्बन्धको बारे जानकारी जसले तपाईंलाई आफ्नो स्वदेश फर्कन प्रोत्साहित गर्दछ, उदाहरणका लागि:
  - आफ्नो स्वदेशमा भएको घर जग्गा वा सम्पत्तिको प्रमाण
  - तपाईंको स्वदेशमा रहेका निकट परिवारका सदस्यहरू र कुनै पनि आश्रित व्यक्तिको प्रमाण
  - स्वदेशमा हालको वा प्रस्तावित रोजगारीको प्रमाण र फिर्ता हुने वा त्यो रोजगार सुरू गर्ने

अभिप्राय
- आफ्नो स्वदेश फर्कने टिकट



- एक शैक्षिक संस्थानमा तपाईंको भर्नाको पुष्टि (Confirmation of enrolment)
- तपाईंको विगतको अध्ययनको प्रमाण
- तपाईंको विगत वा प्रस्तावित भावी रोजगारमा तपाईंको पढाईसँगको सम्बन्ध बारेमा जानकारी
- तपाईंको अध्ययन इतिहासमा कुनै पनि अन्तरहरू वा अध्ययन पूरा गर्ननसकेको असफलतालाई वर्णन गर्ने जानकारी, जस्तै तपाईं अस्वस्थ हुनुहुन्थ्यो वा शारीरिक वा मानसिक रोग भएकोले तपाईंको अध्ययनलाई प्रभाव पारेको देखाउने मेडिकल रिपोर्टहरू।
- तपाईंको मुद्दालाई पुष्टि गर्न वा समर्थन गर्न सक्ने अन्य व्यक्तिको जानकारी
- विभागको निर्णयमा कुनै निश्चित जानकारी गलत छ भनेर वयान गर्ने प्रमाण
- कुनै पनि अन्य जानकारी वा कागजातहरू जसले तपाईंको परिस्थितिलाई प्रमाणित गर्दछ।

## मैले मेरो विवरण कहिले AAT लाई दिनु पर्छ?

तपाईंले हामीलाई सकभर चाँडो जानकारी दिनु पर्छ।

यदि तपाईंले दिनुभएको जानकारीबाट AAT सन्तुष्ट भयो  भने सुनुवाइको आवश्यकताविना अनुकूल निर्णय गर्न सम्भव हुन सक्छ।

### *सुनुवाइमा प्रमाण दिँदा*

यदि तपाईंलाई सुनुवाइमा उपस्थित हुन आवश्यक छ भने, AAT सदस्य (Member) ले तपाईंलाई तपाईंको आवेदनको बारेमा सोध्नेछ र तपाईंले प्रस्तुत गर्नुहुने सबै जानकारीलाई विचार गर्नेछ। सामान्यतया, यसमा तपाईंले आफ्नो मुद्दाको बारेमा हामीलाई दिनुभएको कागजातहरू समावेश हुनेछ। तपाईंले हामीलाई दिनु पर्ने जानकारी सुनुवाइभन्दा ७ दिनभन्दा अगाडी दिनुपर्नेछ, वा यदि हामीले तपाईंलाई पहिले नै केही जानकारी उपलब्ध गर्न आग्रह गरेमा हामीले तपाईंलाई बताएको म्याद भित्र बुझाउनु पर्नेछ।

तपाईंले AAT सदस्यलाई दिने कुनै पनि जानकारी महत्वपूर्ण प्रमाण हो। सुनुवाइभन्दा पहिले नै यो प्रमाणको राम्रो तयारी गर्नाले तपाईंलाई आफ्नो मुद्दा पेश गर्न मद्दत पुऱ्याउँछ र AAT सदस्यलाई निर्णय लिन मद्दत गर्दछ।

## यदि तपाईंसँग कुनै प्रश्नहरू छन् भने हामीलाई सम्पर्क गर्नुहोस्

- टेलिफोन: **1800 228 333**
- ईमेल: mrdivision@aat.gov.au
- www.aat.gov.au
- राष्ट्रिय रिले सेवा www.relayservice.gov.au
- अनुवाद र दोभाषे सेवा (TIS): 131 450

*यो तथ्याक पत्रमा "तपाई" भनेर आवेदकलाई सम्बोधन गरेको हो, र यस परिभाषामा तपाईको अधिकारप्रदत्त प्रापक, प्रतिनिधि वा सहायता व्यक्ति पनि समावेश छ। यसमा "हामी" वा "हामीलाई" को मतलब AAT लाई जनाउँछ।*

यो जानकारी पत्रले सामान्य जानकारी मात्र प्रदान गर्दछ। यो तपाईको मुद्दाको बारेमा कानूनी सुझाव होइन। यदि तपाईंसँग काननको बारेमा वा यो तपाईंको मद्दामा कसरी कानन लाग हन्छ भन्ने प्रश्न छ भने,तपाईंले काननी परामर्श लिन पर्छ।